दुप्चेश्वर गाउँपालिकाका

अध्यक्ष श्री शंकर बहादुर थापाज्यूद्वारा प्रस्तुत दुप्चेश्वर गाउँपालिकाको

# आर्थिक बर्ष २०८०।८१को नीति तथा कार्यक्रम

दुप्चेश्वर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

समुन्द्रटार,नुवाकोट

२०८०।०३।०९

# दुप्चेश्वर गाउँपालिकाको

## <u>आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम</u>

### "कृषि संस्कृति पर्यटन र पूर्वाधार सन्तुलित विकास दुप्चेश्वरको आधार "

प्रतिनिधी सभा सदस्य माननीय श्री हितबहादुर तामाङ ज्यू,
प्रदेश सभा सदस्य माननीय श्री राधिका तामाङ ज्यू,
गाउँपालिकका उपाध्यक्ष ज्यू, सातै वडाका अध्यक्ष ज्यू,कार्यपालिका सदस्य ज्यू, सभाका सम्पूर्ण सदस्य ज्यू, सभाका सचिव ज्यू, कर्मचारीहरु, पत्रकार मित्रहरु,

संबिधान सभाको निर्वाचन मार्फत नेपालको संबिधान २०७२ जारि भई संविधानले नै व्यवस्था गरे अनुरुपको तिन तहको सरकार अन्तर्गत प्रत्यक्ष जनतासँग जोडिएको स्थानीय सरकारका रुपमा दोश्रो कार्यकालका लागि निर्वाचित भई दोश्रो वर्षको १३ औं गाउँसभा अधिवेसनलाई सम्बोधन गरिरहँदा गर्व महसुस भएको छ। आफ्नो लक्ष र उदेश्यहरुलाई अधिकतम पुरा गर्नेतर्फ अग्रसर रही सदैव जनताका समस्या, चाहना र भावना अनुरुप काम गर्दै जाने संकल्पका साथ दोश्रो कार्यकालको आ.व ०८०/०८१ को नीति तथा कार्यक्रम मार्फत **"कृषि संस्कृति पर्यटन र पूर्वाधार सन्तुलित विकास दुप्चेश्वरको आधार"** भन्ने नारा लाई मुर्त रुप दिन समृद्ध दुप्चेश्वर निर्माण अभियानलाई सार्थकता प्रदान गर्न हामी सदैव तत्पर रहेका छौं।

दोश्रो कार्यकालको पहिलो वर्ष जनताको इच्छा, चाहना, चासो, नासो र गुनासो लाई हाम्रो विवेक र बजेटले भ्याएसम्म सम्बोधन गरेका थियौं। दुप्चेश्वर वासी आमा-बुबा, दाजु-भाई, दिदि-बहिनीहरुले अपेक्षा गरे अनुसार सुशासन युक्त प्रसाशन र भ्रष्टाचार मुक्त गाउँपालिका बनाउन हामी दृढ संकल्पका साथ आगाडी बढी राखेका छौं। स्थानीय तहबाट पुर्याउन सकिने सवै प्रकारका सेवा सुविधा र जनताका समस्याहरुलाई समाधान गर्नका लागी हामीले भर्खरै मात्र दुप्चेश्वर गाउँपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह गर्ने अवसर प्राप्त गरेका छौं।

कठिन भौगोलिक अवस्था तथा मानव विकास सुचाङ्कमा समेत अत्यन्त पछाडी रहेको हाम्रो गाउँपालिकामा चुनौती र अवसरहरु दुवै रहेका छन्।जनताका प्रत्यक्ष जनजिवीकासँग जोडिएको सबै प्रकारका सेवा प्रवाहहरुलाई अधिकतम रुपमा छिटो, सजिलो र प्रभावकारी ढङ्गबाट कार्य प्रारम्भ भइरहेको छ। विशेषत दुप्चेश्वर गाउँपालिका भित्रका सबै वडाहरु पालिकासंग सडक संजालसँग जोडिएका छन्। बिगतका समयमा वडा नं १, वडा नं ३ र ४ जोड्ने सडक खण्ड बर्षातको समयमा खोलाका कारण बन्द हुने अवस्थाको सहजता प्रदान गरिएको छ ।जसका लागि घ्याङफेदी र झगारे खोलामा अस्थाई कल्वट पुल निर्माण गरि सडकलाई संचालन गरि बर्षातको समयमा पनि सवारी साधन आवत-जावत गर्न सक्ने बनाइएको छ ।उक्त दुवै स्थानहरुमा पक्की पुल निर्माण गर्नका लागि बजेट समेत विनियोजन भइ सकेको छ।

दुप्चेश्वर गाउँपालिकामा हाम्रो पहिलो वर्षको सुरुवातमा नै श्रावण २४ र भाद्र २ गते भिषण बाढी पहिरो र प्राकृतिक प्रकोपबाट ठुलो क्षति व्यहोर्नु परेको कुरा सर्बबिदितै छ जसका लागि हाम्रो ठुलो श्रम र बजेट को आवश्यकता परेको छ। मनसुनजन्य प्रकोप र त्यसले निम्त्याउन सक्ने क्षति न्युनिकरण गर्न सम्बन्धीत निकायहरुमा प्रस्ताव पेश गरिएको छ। बिशेष गरि जनताहरुको प्रतिनिधिका रुपमा रहेको हाम्रो टिमले जनमुखी सेवा सुबिधाहरु र कामका बारेमा सदैब यहाँका जनताहरुसंग ऐक्यबद्धता जनाई जनताहरुको मौलिक हक अन्तर्गत पर्ने सूचनाको हकलाई समेत हामीले प्रभावकारी कार्यान्वयन गरेका छौं।

सार्वजनिक सुनुवाई कार्यक्रममार्फत विगतका काम कर्तब्य र अधिकारहरु साथै हाम्रो कार्यकालमा भएको बिभिन्न क्षेत्रहरुसंग जोडिएको बिषय बस्तुहरुको बारेमा गाउँपालिकाभित्र प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनैतिक दलका प्रतिनिधी, स्थानीय बुद्धिजीबी, समाजशेवी, शिक्षक ,बिद्यार्थी तथा आम दुप्चेश्वर बासीहरुको रोहबरमा पहिलो पटक सार्बजानिक सुनुवाई कार्यक्रम सम्पन्न गरिसकेका छौं र आगामी दिनहरुमा पनि निरन्तरता दिने छौं।

स्थानीय तहको सरकार संचालन ऐन २०७४, अनुसार पदीय जिम्मेवारीलाई कुशल प्रतिनिधित्व गराउनका लागि राज्यले निर्दिष्ट गरेका विभिन्न मापदण्ड, नियम र कानुनको परिधि भित्र रही हुन सक्ने सबै प्रकारका कार्यहरु साशकीय प्रबन्ध सुशासनयुक्त प्रशासन बजेट तथा कार्यक्रम सेवा प्रवाह, न्याय सम्पादन, भौतिक पूर्वाधार, समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन साथै जनताहरुसंगको सहकार्य र समन्यनमा कार्य सम्पादन गर्नका लागि हामी प्रतिबद्ध रहेका छौं।

दुप्चेश्वर गाउँपालिकाको  हरेक वडाहरुमा गुणस्तरीय सडक, शिक्षा ,स्वास्थ्य, कृषि ,पर्यटन ,विद्युत ,खानेपानी तथा सरसफाई लगायत सबै प्रकारका सेवा सुविधाको प्रत्याभूति दिन  हामी जनप्रतिनिधीहरूको उल्लेखनीय भूमिका रहन्छ । भौतिक निर्माणतर्फ दुप्चेश्वरको  समुन्द्रटार बजारमा  सडक ढलान कार्य भइरहेको छ। समुन्द्रटार-रामती घ्याङफेदी सडक कालोपत्रे हुने र स्तर उन्नतीको क्रममा रहेको छ। समुन्द्रटार देखि राउतबेसी-गोल्फु भञ्ज्याङ सडक खण्डलाई स्तर उन्नतिका लागि सङ्घीय सरकारबाट विगतको तुलनामा न्यायोचित बजेट मार्फत बहुवर्षे कार्यक्रममा सम्बोधन गरिसकिएको छ र हाम्रो ध्यान अन्य सहायक सडक खण्डतर्फ केन्द्रित रहेको जानकारी गराउन चाहन्छौं।

"हाम्रो गाउँ हामी बनाउँछौ" कार्यक्रम अन्तर्गत प्रत्येक वडामा श्रम सप्ताह कार्यक्रम सन्चालन गरि सबै व्यक्तित्वहरूको प्रत्यक्ष उपस्थितिमा विभिन्न सामाजिक कामहरु सम्पन्न भएका छन् र यसलाई अझै प्रभावकारी रुपमा निरन्तरता दिइनेछ।

जनताको जन जीवनसँग प्रत्यक्ष जोडिएका राहत पुग्ने कार्यक्रम र क्षेत्रहरुमा सरकारी तथा गैरसरकारी संघसंस्था समुदाय सङ्गको साझेदारीमा धेरै कामहरु अगाडि बढेको छ। शान्ति, सुरक्षा, रोजगारी, सामाजिक सुरक्षा ,सेवा प्रवाह ,सामाजिक विकास ,आर्थिक विकासका साथै मानव संशाधनको क्षमता विकासमा प्राथमिकता दिई स्थानीय सरकारको संयन्त्रबाट हुने सेवा प्रवाहलाई समावेशी, व्यवसायिक, पारदर्शी र सेवामुखी बनाउन हामी प्रतिबद्ध रहने छौं।

बिरामीहरूको तत्काल उपचार गर्नका लागि छिटो सेवा सञ्चालन गर्न पालिकाको आफ्नै एम्बुलेन्स प्रयोगमा ल्याएका छौं ।सम्पूर्ण विद्यालयका शिक्षक र विद्यार्थीहरु बिचमा आन्तरिक प्रतिस्पर्धा गराई क्षमता विकासमा र गुणस्तरीय शिक्षा प्रदान गर्न महत्वपूर्ण कार्यको थालनी गरिएको छ। दुप्चेश्वर गाउँपालिकाको भौगोलिक स्थिति र वातावरण अनुरुपको पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरुवात गरिसकिएको छ।

झट्ट हेर्दा कठिन भौगोलिक अवस्था रहेको दुप्चेश्वर गाउँपालिका आफैंमा स्वर्ग हो। यहाँको जातजाति भाषा, धर्म, संस्कृति, ज्ञान, सीप, कला र क्षमताको भरपुर उपयोग गर्न सके दुप्चेश्वर गाउँपालिका आफैंमा अनुपम नमुना हुन सक्दछ। यहाँको सुन्दर भौगोलिक दृश्यहरु, लेकवेशी, पहरा-छहरा, उकाली-ओराली भञ्ज्याङ, नदीनाला र ताल हिमालले हामीलाई स्वर्गको अनुभूति गराएको छ। यसको प्रचारप्रसार संरक्षण सम्वर्द्धन गर्दै पर्यटक भित्र्याउने लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

कृषि, संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास हाम्रो प्राथमिकताको आधार रहनेछ। प्राकृतिकरुपमा नै धनी यस गाउँपालिकामा प्रशस्तै पर्यटकीय स्थलहरू रहेका छन् प्रत्येक वडामा एउटा पर्यटकीय स्थान छनौट गरी पर्यटन व्यवसायलाई प्रमुख व्यवसायका रुपमा परिचित गराउने कार्यक्रमतर्फ हामी अगाडी बढी रहेका छौं।

उपलब्ध स्रोतसाधनको भरपूर परिचालन गरी आफ्नो निर्धारित लक्ष्य प्राप्तिका लागि नेपालको संविधान २०७२ ,स्थानीय सरकार संचालन ऐन २०७४, ले निर्दिष्ट गरेका प्रक्रिया राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग २०७४ अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु स्थानिय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, संघीय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना चालु तथा विगतका वर्षहरुमा गाउँकार्यपालिकाद्वारा विनियोजित योजना र कार्यक्रम तथा कार्यान्वयनको वर्तमान अवस्था गाउँपालिकालाई प्राप्त विभिन्न अनुदान र त्यसबाट सिर्जित आर्थिक दायित्व एवं वडा समितिबाट बजेट

समिति तर्जुमा हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकिकरण सहित प्राप्त योजना आदिलाई आधारका रुपमा स्थापित गरी बृहत सहभागिता मूलक सिद्धान्त अवलम्बन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

सभामा उपस्थित सम्पूर्ण गाउसभाका सदस्यहरु,
अब म क्षेत्रगत रुपमा तयार पारिएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## ❖ स्वास्थ्य

*"सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा"*

१. भौतिक पुर्वाधार, औजार उपकरण तथा दक्ष जनशक्ति सहितको १५ शैयाको अस्पताल स्थापनाका लागी जग्गा प्राप्ति सँगै निर्माण कार्य यहि आर्थिक वर्षबाट सुरु गरिने छ ।

२. ***प्रत्येक बार खाना चार*** बहुक्षेत्रीय पोषणसंग सम्बन्धित सबै सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरु बीच समन्वय गरि एकिकृत कार्यक्रम संचालन गरिने छ । साथै दुप्चेश्वर गाउँपालिका लाई वि.स २०८४ सम्ममा पोषण मैत्री स्थानीय तह घोषणा गरिने छ ।

३. स्वास्थ्य संस्थाहरुमा पुर्वाधार विकास, औषधी तथा जनशक्तिको व्यवस्थापन गरि सेवाको समतामुलक पहुंच एवं गुणस्तरमा वृद्धि गरिनेछ ।

४. संस्थागत सुत्केरीको दर बढाउने उद्देश्यको साथ संचालनमा रहेको पुर्ण संस्थागत सुत्केरी युक्त गाउँपालिका बनाउने अभियान लाई थप प्रभावकारी बनाउन आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा प्रसुति भए पश्चात सुत्केरीले पाउदै आएको यातायात खर्च लाई निरन्तरता दिइनेछ ।

५. गर्भवती महिला को पोषण अवस्था सुधार तथा गर्भमा रहेको बच्चाको उचित वृद्धि विकासमा मद्दत पुर्याउने हेतुले संचालन गरिएको गर्भवती **महिलाको घरमा झण्डा र हातमा अण्डा** कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाको भौगोलिक विकटता तथा सेवाग्राहिको आर्थिक अवस्था लाई ध्यानमा राखि प्रसुती सम्बन्धी जटिलताको कारण प्रेषण गर्नु पर्ने सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. मातृ तथा नव शिशु स्वास्थ्यमा सुधार गर्न सुरुवात गरीएको ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम लाई सबै वडाहरुमा नियमित रूपमा संचालन गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

८. घरमा हुने सुत्केरीको दर लाई शून्य बनाउन तथा स्वास्थ्य संस्थामा सुत्केरी हुने परिपाटीको विकास गर्न आफ्नो वडामा भएको गर्भवतीलाई स्वास्थ्य संस्था सम्म आफु स्वयं उपस्थित भई प्रसुतीको लागी लिएर आएमा महिला स्वास्थ्य स्वयं सेविकालाई प्रदान गरिने प्रोत्साहन भत्ताको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. महिला स्वास्थ्य स्वयं सेविकाहरुको कामको उच्च मुल्यांकन र कदर गर्दै प्रति महिला स्वास्थ्य स्वयं सेविका लाई वार्षिक एकमुष्ट रुपमा यातायात खर्च उपलब्ध गराईने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०. सुत्केरी पश्चात् आमा र बच्चामा देखिन सक्ने समस्या र खतराका लक्षणहरु लाई न्युनिकरण गर्न Post Natal Care (PNC) लाई मापदण्ड अनुसार ३ पटक नै पुर्ण रुपमा सुत्केरी जाँच गर्न सुत्केरी भएको २४ घण्टा, तेस्रो दिन र सातौ दिनमा सम्बन्धित वडाको स्वास्थ्यकर्मी मार्फत सुत्केरी महिलाको घर मै गएर आमा र बच्चाको स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

११. नियमित स्वास्थ्य सेवा प्रवाह लाई गुणस्तरीय बनाउदै बाल रोग व्यवस्थापन, खोप, परिवार नियोजन, पोषण, क्षयरोग, कुष्ठरोग, एच. आई. भी. तथा यौन रोग, सरुवा तथा नसर्ने रोग, नाक कान घाँटी तथा आखाँ रोग, चर्म रोग, सम्वन्धि कार्यक्रम तथा सामाजिक र व्यक्तिगत स्वस्थ व्यवहार परिवर्तनका जनचेतना मुलक स्वास्थ्य शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. नियमित औषधी सेवन गर्ने दिर्घ रोगी तथा जेष्ठ नागरीकहरुको स्वास्थ्य लाई नियमित परिक्षण, आवश्यक मनोपरामर्श तथा उपचार गर्न जेष्ठ नागरीक स्वास्थ्य प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ ।

१३. नेपाली समाजमा रहेको अन्धविश्वास, अज्ञानता, अशिक्षा र सामाजिक कुरितीले नागरीकको स्वास्थ्यमा पर्न गएको गम्भिर असर लाई मध्यनजर गर्दै समाजमा रहेका धामी भाँकी, लामा, लाई उचित परामर्श सहित आधुनीक स्वास्थ्य उपचारको प्रावधान, व्यवस्था तथा कानुनी अधिकारको विषयमा अभिमुखिकरण गरिनेछ ।

१४. स्वास्थ्यकर्मी तथा राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविका लाई आवश्यकता अनुसार क्षमता अभिबृद्धिको अवसर प्रदान गरिनेछ ।

१५. स्वास्थ्यसंस्था जन्य फोहोरमैला व्यवस्थापन तथा बातावरणीय सरसफाइलाई प्रबर्द्धन गर्न समन्वय तथा पैरवी गरिनेछ ।

१६. आयुर्वेद पंचकर्म तथा योग सेवा सहित नागरिक आरोग्य केन्द्र लाई विस्तार गर्दै लगिनेछ ।

१७. उपलब्ध जनसक्ति, भौतिक पूर्वाधार आदि को आधारमा स्वास्थ्य संस्थाहरुमा क्रमसः किशोर किसोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा विस्तार गरिने छ ।

१८. सबै स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

## ❖ शिक्षा युवा तथा खेलकुद

१. ***गरिखाने शिक्षा: पालिकाको ईच्छा को मान्यता अनुरुप*** शिक्षा क्षेत्रको समग्र विकास मा सुधार गर्दै व्यावसायिक र प्राबिधिक शिक्षालाई बिशेष जोड दिइने छ।

२. स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेको र सो सम्बन्धी पाठ्य सामग्री निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

३. सबै बिद्यालयहरु मा Internet सेवा प्रवाह भईसकेको र बिद्यालयमा हुने शैक्षिक क्रियाकलापहरुलाई ब्यबस्थित गरि सो को एकिकृत रुपमा निरिक्षण गर्न आवस्यक प्रणाली प्रयोगमा ल्याइने छ ।

४. बिद्यालय, बिद्यार्थी र शिक्षकको आपसी आन्तरिक प्रतिष्पर्धा गराई सिकाइ उपलब्धिलाई प्रभावकारी बनाई बिद्यालय बिद्यार्थी र शिक्षकहरुलाई थप प्रोत्साहन र सम्मान गरिने छ ।

५. शिक्षा **गुरु** योजना निर्माण गरि कार्यान्वयनमा ल्याउन प्रक्रिया आगाडी बढाइने छ ।

६. विद्यार्थीहरुलाई विद्यालय प्रति आकर्षित गराउन भर्ना अभियानलाई व्यापकता दिईने छ साथै उक्त कार्यका लागी विद्यालय परिवार जनप्रतिनिधी मार्फत थप

जिम्मेवार बनाउदै आवश्यक नीति तथा कार्यक्रमहरुलाई कार्यक्रमलाई अवलम्वन गरिने छ।

९. दुप्चेश्वर गाउपलिका भित्र संचालित सम्पूर्ण सामुदायिक बिद्यालयहरुका प्रध्यानाध्यापक तथा प्रतिनिधि शिक्षकहरुलाई शैक्षीक अवलोकन गराई सिकेका ज्ञान सिप र अनुभवलाई कक्षा कोठामा प्रयोग गर्नका लागि आवश्यक व्यवस्था गरिने छ।

१०. गुणस्तरीय शिक्षामा जोड दिंदै पालिका स्थारीय प्राविधिक शिक्षा अध्ययनका लागि सम्भाव्यता अध्ययन गरि कार्यनयन प्रदान गर्न बिशेष जोड दिइने छ।

११. *सिकाई अनेक उदेश्य एकः ज्ञान आदानप्रदान गर्न अतिथी शिक्षक* भन्ने मान्यतालाई आत्मसात गर्दै एक बिद्यालयमा भएका सकारात्मक प्रभावलाई अर्को बिद्यालयमा प्रचार तथा सिकाई गर्नका लागि अतिथी शिक्षक कार्यक्रम कार्यान्वयनमा ल्याइने छ।

१२. गाउँपालिका भित्रका सम्पूर्ण बिद्यालयहरुका संयन्त्रहरुलाई चुस्त र दुरुस्त राख्नका लागि क्षमता अभिवृद्धि र सिकाई कार्यक्रमहरु लाई प्रभावकारी रुपमा संचालन गरिने छ साथै विध्यालयहरुको अनुगमन सुपरीवेक्षण गरि आवश्यकता अनुसार विध्यालय र शिक्षकहरुको व्यवस्थापन गरिने छ।

१३. शिक्षा बिषयक ऐन नियम तथा कार्यविधिहरुको निर्माण गरि सोहि अनुसार आवश्यक कार्य संचालन गर्दै सम्पुर्ण विध्यालयहरुको अनुगमन सुपरीवेक्षण गरि आवश्यकता अनुसार विध्यालय र शिक्षकहरुको व्यवस्थापन गरिने छ।

१४. शुन्य दरबन्दी र शिक्षक दरबन्दी कम भएका बिद्यालयहरुलाई बिद्यार्थी संख्याको आधारमा शैक्षिक सुध्रिदिकरण कार्यक्रम मार्फत शिक्षक व्यवस्थापन गरिदै आएकोमा यस वर्ष पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइएको छ।

१५. गाउँपालिका भित्रका प्रत्यक बिद्यालयहरुमा अध्ययनरत छात्राहरुले महिनावारिका कारण बिद्यालय छोड्ने उच्च रहेको ले उक्त उमेर समुहको सबै छात्राहारु लाई बिद्यालयमा स्यानेटरी प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

१६. गाउँपालिका भित्रका प्रत्यक बिद्यालयहरुमा junk फूड हटाइ स्थानीय स्थरमा उपलब्ध कृषि खाद्यान्नलाई दिवा खाजाको रुपमा **स्वच्छ सफा र ताजा विद्यार्थीहरुका लागि अर्गानिक खाजा** कार्यक्रमलाई साझेदारी गरी निरन्तरता दिइने छ।

१७. सामुदायिक सिकाइ केन्द्रलाई ब्यवस्थित र प्रभावकारी रुपमा सँचालन गरि साक्षरता दर बढाउदै समाज प्रति थप जिम्मेवार बनाउने नीति लिइने छ।

१८. गाउँपालिका स्तरीय खेलकुद गतिविधि क्षमता विकास तथा विस्तार र जिल्ला प्रदेश र केन्द्र सँग हुने विभिन्न खेलकुदका कार्यक्रमहरुलाई पालिका स्तरीय खेलकुद विकास समिति गठन गरि कार्यक्रमहरु संचालन गरिने छ।

१९. विभिन्न खेल विधामा उत्कृस्ट खेलाडी प्रशिक्षकहरुका लागि सम्मान र प्रोत्साहन नीति लिदै दुप्चेश्वर कप भलिवल प्रतियोगितालाई निरन्तरता दिइने छ साथै वडा स्तरीय खेलकुद प्रतियोगिता संचालन गरिने छ ।

२०. आर्थिक बर्ष २०८०।८१ देखी गाउँपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई मासिक रुपमा तलव प्राप्त गर्ने बाताबरण निर्माण गरिने छ ।

## ❖ भौतिक पूर्वाधार

*"तिब्र मानव विकासको लागी  भौतिक पूर्वाधार*
*समुन्नत र दिगो विकास दुप्चेश्वरको आधार "*

१. बर्षातको समयमा क्षति हुने सडकहरुको संरक्षण कार्य लाई निरन्तरता दिईने छ।

२. निर्माण सम्पन्न भएका सडकहरुलाई थप मर्मत सम्भार गर्दै नयाँ ट्र्याक खोल्न निरुत्साहित गरिने छ।

३. ठेक्का प्रणालीलाई पारदर्शी ,मर्यादित र व्यवस्थित बनाउन कार्तिक महिना भित्रमा नै बोलपत्र आव्हान गरी ठेक्का प्रणालीलाई प्रभावकारी ढङ्गले व्यवस्थित गरिने छ ।

४. सडक संजालको वास्तविक तथ्याङ्क तयार गरी सडक गुरुयोजना निर्माण गरिने छ ।

५. उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता सामितीलाई सम्मान गर्दै समग्र योजनाहरुलाई थप प्रभावकारी बनाउने नीति लिईने छ ।

६. *" जागरुक उपभोक्ता,सक्रिय टोलः समुन्नत र विकसित हाम्रो दुप्चेश्वर "* को नारालाई आत्मसात गर्दे उपभोक्ताको मागमा आधारित भई योजनाहरुमा बजेट बिनियोजन गरिने छ ।

७. सार्वजनिक स्थल, मठ-मन्दिर र गुम्वा लगायत स्थानहरुमा रहेका अतिक्रमित जग्गाहरूको पहिचान गरी संरक्षण तथा संवद्धन गर्ने नीति अवलम्वन गरिने छ।

८. दिगो विकासको लक्ष प्राप्तिका लागि स्थानीय सरकारको स्पष्ट नीति तथा कार्ययोजना बनाई वार्षिक योजनामा समावेश गरि कार्यानवयनमा ल्याइने छ ।

९. स्थानीय तहसंग जोडिएका सबै प्रकारका बजेटहरु तथा कार्यक्रमहरुको सहि रुपमा कार्यान्वयन गर्नका लागि योजना कार्यक्रम असार मसान्त भित्र स्वीकृत गरि लागु गरिने छ ।

१०. गाउँपालिकाको आयोजनाहरु संचालन गर्दा भौगोलिक अवस्था प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन **IEE** र वातावरणीय प्रभाव मुल्याङ्कन **EIA** अनुसार आयोजनाहरु संचालन गरिने छ।

११. गै.स.स मार्फत साझेदारीमा हुने योजनाहरुलाई जोड दिईने छ साथै समपुरक अनुदानबाट संचालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बजेट सुनिश्चित गरि कार्यान्वयन गरिने छ।

१२. सबै वडाका उपभोक्ता समिति र सरोकारवाला निकायहरुका लागि योजना संचालन सम्बन्धी अभिमुखीकारण कार्यक्रम संचालन गर्दै योजना अनुगमन, निरिक्षण र **परिमाण र गुणस्तर** अनुरुपको काम गर्नका लागि अनुगमन समितिलाई जिम्मेवार बनाइने छ।

१३. दिगो विकासको लक्ष्य हासिल गर्नका लागि बनेका योजनाहरुलाई प्राथमिकतामा राखिने छ।

१४. पालिकाका महत्वपुर्ण योजनाहरु कार्यान्वयन गर्दै समुन्नत दुप्चेश्वर निर्माण गर्न आवधिक योजना (Periodic Plan) तथा मध्यमकालिन खर्च सँरचना (Medium Term Expenditure Framework )तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१५. योजनाको सम्पूर्ण विवरण तथा उपभोक्ता समितिका काम,कर्तव्य र अधिकार सम्बन्धी स्पष्ट नीति बनाई कार्यान्वयनमा ल्याइने छ योजनामा उपभोक्ता सहभागीतालाई  सुनिश्चित गरिने छ।

## ❖कृषि तथा पशुपालन

*"कृषि बाली उत्पादन र उत्पादकत्वमा बृद्धि*
*व्यवसायीक कृषक, दुप्चेश्वर गाउँपालिकाको समृद्धि"*

१. कृषि र पशुपालन क्षेत्रको विकासका लागि व्यावसायिक कृषि र पशुपालन कार्यक्रम लागु गर्ने नीति लिईने छ ।

२. दुप्चेश्वर गाउँपालिकको सबै वडाहरुको भौगोलिक स्थिति अध्ययन गरि स्थानीय कृषि उत्पादन क्यालेन्डर बनाई किसानहरुको चासो र गुनासो लाई कृषकको खेतबारीमा नै पुगेर सलाह सुझाव दिने कार्यका लागि कृषि प्राविधिक परिचालन गर्दै नमुना रोल मोडेल कृषकहरु तयार गरी ***"कृषिमा परिवर्तन पहिलो चरण गाउँपालिकाका अध्यक्षसंग किसान सवलिकरण कार्यक्रम"*** संचालनमा ल्याइने छ ।

३. स्थानिय स्तरमा नै नि:शुल्क माटो परिक्षण तथा वाली रोग विज्ञान प्रयोगशाला संचालनमा ल्याइने छ।

४. दुप्चेश्वर गाउँपालिकाको भौगोलिक अवस्था, सिंचाई क्षेत्र आदिको सम्भाव्यता अध्ययन गरि दुप्चेश्वर गाउँपालिकाको कृषि विकास रणनिति तयार गरिने छ।

५. स्थानीय स्तरमा उत्पादित बस्तुहरुको खरिद भण्डारण र वितरण गर्न आवश्यक नीति र किसान लाई बिशेष अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।

६. रैथाने वाली विरुवाको संरक्षण गर्दै उत्पादन तथा उपादकत्व वृद्धि गर्न जोड दिंदै पालिका स्तरिय ***चिस्यान केन्द्र स्थापना सवल पक्ष, कृषिमा क्रान्ति हाम्रो लक्ष्य*** लाई पुरा गरिने छ।

७. किसानबाट उत्पादित कृषि उत्पादनरुको बिक्रि वितरण र बजार सुनिश्चिताको लागि ***स्थानीय सरकार घुम्ती कृषि बजार भन्ने*** नारालाई आत्मसाथ गरि **कृषि एम्बुलेन्स**को व्यवस्था गरिने छ ।

८. स्थानिय बालिहरुको प्रचार प्रसार गर्न बालि उत्पादन हुने क्षेत्रहरुमा दिवस तथा महोत्सव सँचालन गरिने छ।

९. गाउँपालिका भित्र उत्पादित स्थानीय उत्पादनहरु (समुन्द्रफिनी चामल, फलफुल तथा जडीबुटि) लगायत उत्पादनहरुलाई स्थानीय वजार तथा दुप्चेश्वर मन्दिर परिसरमा कोसेली घर निर्माण गरी दुप्चेश्वरका उत्पदानलाई कोशेलीको रुपमा ब्राण्डिङ बिक्रि वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१०. किसानका खेतबारीमा प्रयोग हुदैं आएको रासायनिक मल र किटनासक विषाधीको प्रयोग कम गर्दै प्रांगारिक मल र जैविक विषाधीलाई प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

११. *"एक वडा एक कृषि पकेट क्षेत्र घोषणा "* गरि व्यवसायिक उन्नत वाली र नगदे वालीमा कृषकको आकर्षण बृद्धि गराउने कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

१२. प्रसिद्ध दुप्चेश्वर मन्दिरमा प्रयोग गरिने फलफुलहरु बाहिरबाट ल्याई बिक्रि वितरण गर्न निरुत्साहित गर्न दुप्चेश्वर क्षेत्र विकास कोषसंग समन्वयन गरि दुप्चेश्वर वासीको आम्दानि तथा रोजगारी बढाउन ***"आन्तरिक श्रोत दुप्चेश्वरको भेटी, दुप्चेश्वर उपाध्यक्ष पुष्प खेति, कार्यक्रम "*** संचालन गरिने छ ।

१३. बन्यजन्तुहरुको प्रकोपले गर्दा कृषकहरुको वालीनाली तथा उत्पादित बस्तुहरुको संरक्षणको लागि चक्लाबन्दी तथा घेरावार मार्फत संरक्षण गरिने छ।

१४. युवापुस्ताहरुलाई कृषि र पशुपालन क्षेत्रमा आकर्षित गराउने खालका कार्यक्रम कार्यान्वयनमा ल्याई ब्यबसायिक कृषि तथा पशुपालन फर्म उत्पादनका आधारमा अनुदान प्रदान गर्ने नीति लिईने छ ।

१५. *"पशुपालनमा उन्नत नस्ल सुधार सरकारको लक्ष्य, दुध तथा मासुमा आत्मनिर्भर सवल पक्ष "* कार्यक्रम मार्फत उत्पादनमा बृद्धि गर्दै दुध तथा मासुमा आत्मनिर्भर हुने नीति अवलम्वन गरिने छ ।

१६. पशुपन्छीमा देखिने विभिन्न प्रकारका रोगहरुको पहिचान गरि नियन्त्रणका लागि आवश्यक औषधि र खोपको व्यवस्था भण्डारण र रोगका बारेमा जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

१७. कृषि तथा भेटेरिनरी शाखाका प्राविधिकहरुलाई किसानका गुनासो सुनुवाई कार्यक्रम सन्चालन गराई किसानका समस्या समाधान गर्नका लागि आवश्यक कार्यक्रमहरु सन्चालन गरिने छ ।

१८. किसान सूचीकरण कार्यक्रम मार्फत पालिका भित्रका सबै किसानहरुको पहिचान गरि परिचय पत्र वितरण गरिने छ ।

१९. चौंरी तथा भेडाको संख्या घट्दै गइरहेको हुनाले उच्च पहाडी भेगमा रहेको चरन खर्कहरुलाई सुधार गर्ने कार्यक्रम संचालन गरिने छ।

२०. कृषि क्षेत्रको बिकासका लागि प्राथमिकता दिइ व्यवसायिक आधुनिकिकरण, यान्त्रिकारण र बजारीकरणका लागि सम्बन्धित सरोकारवालाहरुसंगको सहकार्यमा कृषि औजार र यान्त्रिक उपकरण उपलव्ध गराउने नीति लिइने छ ।

२१. गरिव, दलित, एकल महिला, अल्पसंख्यक वर्गको पहिचान गरि कृषि र पशुपालन क्षेत्रमा बिशेष अनुदानको कार्यक्रमहरु सन्चालन गरि पालिकास्तरीय दुध संकलन केन्द्रको स्थापना गरिने छ ।

२२. बर्षेनी मिनिटीलर खरिद तथा त्यसमा प्रयोग हुने इन्धन खरिदबाट पैसा बिदेसिने क्रम जारी रहेकाले यस दुप्चेश्वर गाउँपालिका भित्र बसोबास गरि गोरु पालन गर्ने कृषकलाई गोरु पालनमा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

२३. दुप्चेश्वर गाउँपालिकामा उत्पादन हुने उत्पादनहरुको सहज रुपमा विक्रि वितरण र बजारीकरण गर्न हाटबजार सँचालन गरिनेछ ।

२४. पढ्दै कमाउने सिद्धान्तलाई आत्मसात गर्दै कृषि शिक्षा तथा विद्यालय करेसावारी कार्यक्रम सँचालन गर्नका लागि कृषि क्षेत्रमा राज्य बाहेकका क्षेत्रहरुको समेत सहभागीता वृद्धी गर्न रुडेक नेपाल, जि.एन.आई लगाएत गैर सरकारी संस्थाहरुसंग सहकार्य लागत साझेदारी कार्यक्रम सँचालन गरिने छ ।

## ❖ संस्कृति तथा पर्यटन

१. पर्यटन व्यवसायलाई कृषि तथा सँस्कृती सँग जोड्न *"मौलिक कला र संस्कृति हाम्रो सान, सम्रक्षण र सम्वर्द्धन गरे बढ्छ हाम्रो मान"* को लक्ष पुरा गरिने छ।

२. पर्यटकिय क्षेत्रको प्रचार प्रसार गरी पर्यटकको वृद्धि मार्फत आन्तरिक आयको वढोत्तरी गर्न ***"पर्यटकिय क्षेत्र स्थानीय सरकारको ध्यान, जाउँ दुप्चेश्वर अभियान "*** सँचालन गरिने छ साथै पर्यटकिय क्षेत्रलाई सूचना प्रणालीमा आवद्ध गरी प्रचार प्रसार गर्नका लागी पालिकास्थित महत्वपुर्ण धार्मिक तथा पर्यटकिय स्थानहरुमा क्यू आर (QR) सहितको प्रचार सामग्रीको विकास गरिने छ ।

३. एक वडा एक पर्यटकिय क्षेत्र घोषणा अन्तर्गत दुप्चेश्वर १ को मुन्थला ,२ को कडेनी कुटुमसाङ, ३ को नाटाङ, ४ को गोल्फु भञ्याङ, ५ को ङार तथा रान्चे डाँडा ,६ को दुप्चेश्वर मन्दिर , ७ को शिखरवेशी सागरकुण्डमा पर्यटन प्रर्वद्धन गर्न आवश्यकअनुरुप गुरुयोजना निर्माण गर्ने नीति ल्याइने छ।

४. दुप्चेश्वर महादेव मन्दिरको विस्तृत गुरुयोजना बनाई धार्मिक पर्यटन विकासमा जोड दिईने छ ।

५. मौलिक भाषा,सिप र संस्कृतिको, जातजाति धर्महरुको जगेर्ना गरि संरक्षण र सम्वर्द्धनका लागि आवश्यक पहल कदमी लिइने छ ।
६. दुप्चेश्वर १ कसेरी तालु फेदी हुदै सुर्यकुण्ड गोसाईकुण्ड जाने छोटो र पर्यटकीय पदमार्ग अन्तर्गत सुर्य कुण्ड सम्म पदमार्ग सम्पन्न भएको र गोसाईकुण्ड सम्मको यात्रा सहज बनाउन पदमार्गको थप स्तरोन्नती र विस्तार गरिने छ।
७. पालिका भित्र भएका पर्यटकीय स्थानहरुमा आन्तरिक तथा वाह्य पर्यटकहरुको सहजताका लागि होमस्टे, पदमार्ग , खानेपानी ,बिश्राम स्थल लगायत अन्य संरचनाहरुको निर्माण र जगेर्ना गर्ने नीति ल्याइने छ ।

## ❖ महिला वालबालिका तथा जेष्ठ नागरिक

१. लैंगिक विभेदको अन्त्य गर्दै दलित,जनजाति, अल्पसंख्यक समुदायहरुको समान समावेशी सहभागीता हुने र आर्थिक समृद्धि र दिगो विकासका लागि अग्रसर नेतृत्वदायी भूमिका स्थापित गर्न सक्ने लक्षित कार्यक्रम संचालन गरिने छ।
२. बालबालिकाहरुको मौलिक हक सुनिश्चित गर्दै "**सफल समुदाय सबैको हित हिंसाबाट मुक्त आम नागरिक**" को रुपमा विकास गर्ने नीति लिइनेछ।
३. सबै प्रकारका जेष्ठ नागरिक एकल महिला, दलित, बालबालिका अपाङ्गता भएका व्यक्तिहरुलाई "**छिटो, सजिलो,भरपर्दो बाटो; बैंक खाता मार्फत सुबिधा सुरक्षित पाटो**" को लक्ष्य अनुरुप सबै प्रकारका सेवा सुविधाहरु बैंक मार्फत गराउने व्यवस्था मिलाइने छ।
४. जेष्ठ नागरिको ज्ञान, सिप, र अनुभवलाई पालिका स्तरमा एकिकृत गरि जेष्ठ नागरिक वडा समूह, पालिका संजाल गठन गरि लक्षित कार्यक्रमहरु संचालन गरिने छ।
५. अशक्त र अपाङ्गता भएका व्यत्तिहरुका लागि सहायता सामग्रीहरुका साथै जिविकोपार्जनलाई विशेष प्राथमिकताका कार्यक्रमहरु संचालन गरिने छ।

६. गाउँपालिका भित्रका विधार्थी, महिला समुह, वाल क्लव लगायत क्षेत्रमा वाल विवाह वहु विवाह कुरिती हत्या हिंसा जवरजस्ति करणी लगायतका प्रथाहरुको अन्त्यका लागि सचेतना मुलक कार्यक्रमहरु संचालन गरिने छ।

## ❖ सामाजिक सुरक्षा तथा पन्जिकरण

१. पालिकाभित्र बसोवास गर्ने जेष्ठ नागरिक एकल महिला, अशक्त र अपाङ्ग व्यक्तिहरुले पाउने ***"सेवा र सुविधा तथा आर्थिक पक्ष; सामाजिक सुरक्षा भत्तामा सहजिकरण स्थानीय सरकारको लक्ष्य"*** अन्तर्गत बैंक संग समन्वयन गरि छिटो सजिलो र सहज ढङ्गबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

२. गाउँपालिका भित्र रहेका पूर्ण रुपमा शारीरिक अशक्त असहाय र न्युन आर्थिक स्थिति भएका व्यक्तिहरुका लागि पालिकाको तर्फबाट प्रदान गर्न सकिने सेवा सुविधाको बारेमा अध्ययन गरिने छ।

## ❖ उद्योग विकास

१. स्थानीय श्रोत साधनमा आधारित सिप र प्रविधि प्रयोगबाट संचालनमा रहेका विभिन्न घरेलु उद्योगहरुलाई अनुदान प्रोत्साहन गरिने छ।

२. स्थानीय स्तरमा रहेको कोदोको लोकल रक्सिलाई दुप्चेश्वरको ब्रान्ड बनाई वजारीकरण गर्नका लागि पूर्व प्रारम्भिक अध्ययन पुरा भई कार्यान्वयन तर्फ रहेकाले उक्त कार्यलाई निरन्तरता दिइने छ।

३. ५ देखि १० जना माथिको रोजगार प्रदान गर्ने उद्योग स्थापना गर्दा उद्योग दर्ताको शुल्क ५० प्रतिशत मिनाहा गरिने छ।

## ❖ न्यायिक क्षेत्र

१. न्याय सम्पादन कार्यविधि २०७५, लाई समय सापेक्ष रुपमा संसोधन गरि ऐन र कार्यविधि अनुरुप विवादहरु समाधान गर्ने नीति लिइने छ।
२. *"विवादको साटो मेलमिलापको बाटो "* भन्ने मान्यतालाई आत्मसात गर्दै गाउपालिकमा रहेका मेलमिलाप केन्द्रहरुलाई संस्थागत रुपमा सबलिकरण गर्दै स्थानीय स्तरको विवादहरुलाई मेलमिलाप गराउन मेलमिलाप कर्ताहरुको भूमिका प्रभावकारी बनाउदै स्थानीय स्तरमै न्यायिक समिति र मेलमिलाप कर्ताको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ।
३. वडाका मेलमिलाप सेवा केन्द्र तथा सामुदायिक केन्द्रहरुबाट मिल्न नसकेका विवादहरुलाई  बन्द र खुल्ला इजलास निर्माण गरि विवाद समाधान तथा मेलमिलाप गराउने व्यवस्था गरिने छ।

## ❖ श्रम तथा रोजगार

*"असल श्रम सम्बन्धको आधार,*
*सामाजिक सुरक्षा र श्रम तथा रोजगार"*

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमको अनुदान प्रदान गरि श्रमिक उत्थान र स्थानीय विपन्न श्रमिक वर्गलाई जिविकोपार्जनमा टेवा पुर्याउन प्राथमिकता दिइने छ ।
२. गाउँपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमहरुमा वेरोजगार व्यक्ति हरुको रोजगार सेवा केन्द्र मा सुचिकृत भएका व्यक्तिहरु लाई प्राथमिकता दिइने छ ।
३. गाउँपालिका भित्र संचालन मा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय आवश्यकताहरु संग जोडी योजना बनाई कार्यान्वयन गरिने छ।
४. **श्रमको सम्मान राष्ट्रको अभियान** कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाईने छ ।

५. रोजगार सेवा केन्द्रबाट **श्रम स्वीकृतीको** सहजीकरणको कार्य अगाडी बढाईसकिएकोले उक्त कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
६. रोजगार सेवा केन्द्र मार्फत रोजगारीको शिलसिलामा विदेशमा रहनुभएका व्यक्तिहरुको सहायता तथा सहजीकरण गरिने छ ।

## ❖ वन बाताबरण तथा विपद व्यवस्थापन

*"सवल समुदाय र स्थानिय सरकार,*
*विपद व्यवस्थापनको बलियो आधार"*

१. विपद व्यवस्थापनसँग सम्बन्धित सुरक्षा उद्धार सामग्रीहरु खरीद गरि विपद् व्यवस्थापन समिति मार्फत अन्य साझेदारी संस्थाहरूसँगको सहकार्यमा उद्धार कार्यक्रम संचालन गरिने छ ।
२. प्राकृतिक प्रकोप तथा जोखिम न्युनिकरणका लागि जोखिमका क्षेत्रहरू पहिचान गरि आवश्यक भौतिक पुर्वाधार निर्माण गरि क्षतिको न्युनिकरण गरिने छ।
३. विपद्बाट हुने क्षतिको उद्धार, राहत तत्काल पुनर्स्थापनाकाको लागि आवश्यक जनशक्ति र श्रोत सामग्रिको व्यवस्थापन र परिचालन गरिने छ।
४. नदि तटीय क्षेत्रमा निर्माण भएको संरचनाहरूको संरक्षण गर्नका लागि आवश्यक पर्वद्धनका कार्यक्रमहरु संचालन गरिने छ ।
५. बाढी पहिरो र भुक्षयलाई न्युनिकरण गर्न दुप्चेश्वर गाउँपालिका भित्र रहेका सामुदायिक बन क्षेत्रहरुको हरियाली कायम राख्ने वृक्षारोपण कार्यक्रम सँचालन गरिने छ।

६. विपदजन्य घटनाहरुको न्युनिकरण गर्न तथा विपदबाट हुने क्षतिको व्यवस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत ***विपद् व्यवस्थापन प्रतिकार्य योजना*** निर्माण गरि लागु गरिने छ।

## ❖ शान्ति सुरक्षा

१. दुप्चेश्वर गाउँपालिकाका सबै वडाहरुमा शान्ति सुरक्षा प्रदान गर्नु स्थानीय सरकारको पहिलो प्राथमिकता रहने भएकाले गाउँपालिका भित्र रहेको प्रहरी चौकीलाई आवश्यक सहयोग र समन्वय गरिने छ साथै आवश्यक नगर प्रहरी गठनकार्यलाई प्रथामिकता दिईने छ ।

२. गाउपालिकको भौगोलिक स्थितिको कारण ठुलो भूभाग र पर्यटकीय सम्भावना बोकेको स्थानहरु रहेको हुँदा सुरक्षाको समेत मध्यनजर गरि वडा नं १ को घ्याङ्गफेदी तथा वडा ४ को गोल्फु भन्ज्याङ लगायतका स्थानमा थप प्रहरी चौकी स्थापना गर्न पहल तथा अनुरोधको कार्य अगाडी बढाईनेछ ।

## ❖ सहकारी तथा वितिय संस्था

१. प्रत्येक वडामा रहेका सहकारी संस्थाहरु लाई नवीकरण गर्दै थप जिम्मेवार बनाइने छ साथै सामुहिक खेति र व्यवसायलाई सहकारी मार्फत उत्पादनमा वृद्धि गराउन पहल गरिने छ।

२. गाउँपालिका भित्रका विभिन्न वित्तिय संस्थाहरुको अनुगमन निरिक्षण गर्दै बिषयगत कार्य प्रति उत्तरदायी बनाइने छ।

३. गाउँपालिका भित्र रहेका सहकारी बैंक तथा वितिय संस्था र लाभग्राही बिचको अन्तरक्रिया कार्यक्रमको समन्यन गरि आबस्यकता अनुरुप प्रभावकारी ढङ्गबाट काम गर्ने वातावरण बनाइने छ ।

## ❖ सूचना प्रविधी

*"समृद्धिका लागि सूचना प्रविधी"*

१.सूचना प्रविधिमा आधारित २१ औं शताब्दीको विकासक्रमसंगसंगै गाउँपालिकाका अवयवहरु पनि सञ्चालन हुनेगरी युगको आवश्यकतालाई सम्बोधन गर्न गाउँपालिकाको सूचना प्रवाह एवं व्यवस्थापन तथा प्रविधिको अधिकतम प्रयोग मार्फत प्रतिस्पर्धात्मक क्षमतामा गुणात्मक विस्तार गर्न आवश्यक रणनीति एवं योजनाहरु तय गर्दै प्रविधिमा आधारित सेवा प्रवाह तथा अभिलेखिकरण मार्फत गाउँपालिकाको काम कारवाहीलाई चुस्त दुरुस्त बनाइने छ ।

२. गाउँपालिकाको राजस्व प्राप्तिका लागि भौगोलिक सूचना प्रविधिमा आधारित एकीकृत पालिका सूचना प्रणाली विकास गरिनेछ ।

३. कार्यालयको कामकाजहरु स्वचालित रुपमा software प्रणाली मार्फत संचालन गरि प्रभावकारी कार्यसम्पादन हासिल गर्ने लक्ष्य लिइएको छ

४. वडा तहमा दक्ष कम्प्युटर प्राविधिक उत्पादन गर्ने लक्षका साथ "एक वडा एक कम्प्युटर प्राविधिक" को अवधारणा अन्तर्गत तालिम प्रदान गरिने छ।

५. e-Government, e-Payment , e-Agriculture, e-Tourism, e-Health जस्ता क्षेत्रमा पालिकामा उपयुक्त प्रविधिको पहिचान गरी सो प्रविधि प्रयोगको प्रभावकारी सञ्चालन गर्न अध्ययन गरिने छ।

६. स्मार्ट पालिका को अवधारणालाई आत्मासाथ गर्दै सूचना प्रविधि प्रणालीको विकास गर्न आवश्यक पूर्वाधारहरुको निर्माण एवं सो को प्रभावकारी सञ्चालन गरिनेछ।

७। सूचना प्रविधिको प्रयोग एवम् सुरक्षित प्रयोग सम्बन्धमा नागरिकलाई साक्षर बनाउनका लागि डिजिटल साक्षरता एवम् जनचेतना अभिवृद्धिका कार्यक्रमहरु गाउँपालिका भर सञ्चालन गरिने छ।

८. वडा कार्यालय तथा विभिन्न सरकारी कार्यालयको गतिविधिहरु पालिका कार्यालयबाट हेर्न मिल्ने system को विकास गरिने छ।

९. नागरिकलाई छिटो र छरितो सूचना प्रवाह गर्नका लागि " **एक वडा एक डिजिटल सूचना पार्टी** " लगायत सामाजिक संजाललाई चुस्त दुरुस्त प्रयोगमा ल्याइने छ ।

## ❖ संस्थागत विकास

*जनता, जनप्रतिनिधी र कर्मचारीको एकता*

*सुशासनयुक्त दुप्चेश्वर निर्माणमा हाम्रो प्रतिवद्धता*

१. सार्वजनिक सेवा प्रवाहलाई थप जनउत्तरदायी, पारदर्शी र सुशासनयुक्त बनाउदै लगिने छ संस्थागत विकास तथा क्षमता विकासमा जोड दिईने छ ।

२. दुप्चेश्वर गाउँपालिकाको समग्र सेवा प्रवाहलाई सरल सहज व्यवहारिक र वस्तुनिष्ठ बनाउने प्रयोजनका लागी सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी स्वीकृत गरिने छ ।

३. सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन तथा सहजीकरण गर्नका लागी हेल्प डेस्कलाई व्यवस्थित गरिने छ साथै कार्यालय परिसरमा **फ्रि वाईफाईको** व्यवस्था, सहायता कक्ष, स्तनपान कक्षको व्यवस्थालाई निरन्तरता दिईने छ ।

४. सेवा प्रदान गर्ने सम्पुर्ण पालिकास्थित सरकारी निकायहरुमा नागरिक बडापत्रलाई आधुनिक प्रविधियुक्त बनाईने छ ।

५. सेवा प्रवाहमा स्वामित्व, अपनत्व कायम गर्न कर्मचारी प्रोत्साहन कार्यक्रम सँचालन गरिने छ ।

६. खरिद योजना, सार्वजानिक खरिद एबम जिन्सी व्यवस्थापन र अभिलेखीकरण गर्नका लागि तालिम अभिमुखीकरण अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

७. कार्यालय प्रयोजनका सबै श्रोत र साधन हरुको उच्चतम प्रयोगगरि चुस्त दुरुस्त एबम PAMS मा सम्पूर्ण जिन्शी विवरण को प्रबिस्ठी गरि सबै विवरण लाई software प्रणालीमा एकिकृत गरिने छ।

८. सार्वजानिक खरिद कार्यलाई मितव्ययी पारदर्शी बनाउदै जिन्शी निरिक्षण प्रतिवेदन अर्ध बार्षिक र बार्षिक प्रगति विवरण अध्यावधिक गर्दै प्रयोग बिहिन जिन्सी सामान हरु लाई लिलामी साटफेर र बिक्रि गरि व्यवस्थापन गरिने छ।

***सभामा उपस्थित सम्पूर्ण सदस्यहरु,***

आर्थिक वर्षको अन्त्यमा हुने असारे विकास गर्ने प्रवित्तिलाई अन्त्य गर्दै आ.व को सुरुमा नै योजना बनाएर काम सम्पन्न गर्ने नीति लिदै सबै प्रकारका काम तथा बिषयवस्तु माथि स्थानीय सरकार को *" कृषि संस्कृति पर्यटन र पूर्वाधारः सन्तुलित विकास दुप्चेश्वर को आधार* "बर्षको रुपमा मनाउदै जाने नीति लिएका छौ

यस नीति तथा कार्यक्रमलाई पूर्णता प्रदान गर्नका लागि दुप्चेश्वर गाउँपालिका भित्र बसोबास गर्ने आमा-बुबा, दाजु-भाई, दिदि-बहिनी, बुद्धिजिबी, नागरिक समाज, जनप्रतिनिधि, कर्मचारीहरु लगायत सरोकारवाला सबैको साझा संकल्पबाट प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा एकताबद्ध भइ सार्थकता प्रदान गर्ने अपेक्षा हामीले राखेका छौ उच्च मनोबल आपसी भाइचारा सामाजिक सदभाब र सहयोग प्राप्त हुने कुरामा हामि स्थानीय सरकारको विकास अभियानमा एकताबद्ध भइ सम्पूर्ण प्रकारका सहयोग प्राप्त गर्दै एकआपसमा हालेमालो गरि साथ दिनुहुन आम दुप्चेश्वर वासीहरुमा हार्दिक आव्हान गर्दछु ।

धन्यबाद !

शंकर बहादुर थपा

गापा अध्यक्ष

मितिः २०८०।०३।०९